# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, साउन ०३ गते, २०८१ साल (संख्या ०६


## भाग ३

गण्डकी प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

## मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावना:** प्रदेश र स्थानीय तहका आवधिक योजना बीचमा तादम्यता, अन्तर सम्बन्ध, समन्वय, साझेदारी, सहकार्य र सहलगानी बृद्धि गर्न, नवीनतम् ज्ञान, सीप, सोच र प्रविधिका माध्यमबाट रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र समावेशी सहभागितासहित स्थानीय तहमा सुशासन प्रवर्धन र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले प्रदेश सरकारको वार्षिक कार्यक्रम, मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम र नेपाल सरकारबाट वित्तीय हस्तान्तरण (सशर्त) मार्फत प्राप्त हुने समान प्रकृतिको कार्यक्रम समेतलाई बुझाउँछ।

(ख) "नवप्रवर्तन" भन्नाले नयाँ विचार एवं तरिकाको खोजी गर्ने र त्यसलाई परियोजनामा रूपान्तरण गरी नतिजामूलक बनाउने प्रविधि एवं कार्यशैलीलाई सम्झनु पर्छ । साथै सो शब्दले दफा १२ मा उल्लेखित विषय क्षेत्र र सम्भावित परियोजना समेतलाई जनाउँछ।

(ग) "निर्देशक समिति" भन्नाले दफा ९ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(घ) "परियोजना" भन्नाले स्थानीय तहले प्रस्ताव गरेका दफा १२ बमोजिमका नवप्रर्वतनका कार्यक्रम वा क्रियाकलाप सम्झनु पर्छ।

(ङ) "प्रस्ताव" भन्नाले दफा १६ को उपदफा (१) बमोजिमको प्रस्ताव सम्झनु पर्छ।

(च) "प्रस्तावक" भन्नाले यस कार्यविधि बमोजिम परियोजना प्रस्ताव पेश गर्ने स्थानीय तह सम्झनु पर्छ र सो शब्दले दुई वा सोभन्दा बढी स्थानीय तह वा संयुक्त परियोजना प्रस्ताव पेश गर्ने साझेदार समेतलाई जनाउँछ।

(छ) "प्राविधिक समिति" भन्नाले दफा १० बमोजिमको समिति सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(झ) "महाशाखा" भन्नाले शासकीय सुधार तथा समन्वय महाशाखा सम्झनु पर्छ।

(ञ) "लागत सहभागिता" भन्नाले प्रस्तावित परियोजनाको कूल लागतमा प्रस्तावकले व्यहोर्नुपर्ने निश्चित प्रतिशत सम्झनु पर्छ । सो शब्दले स्थानीय तहसँग अन्य साझेदार संस्थाले व्यहोर्नुपर्ने लागत हिस्सेदारी समेतलाई जनाउँछ।

(ट) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ र सो शब्दले महानगरपालिका समेतलाई जनाउँछ।

३. **उद्देश्यः** मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका उद्देश्य देहाय अनुसार हुनेछन्ः-

(क) प्रदेश र स्थानीय तहबीच साझेदारी र सह-लगानीको माध्यमबाट अन्तरसम्बन्धलाई सुदृढ र सवलीकरण गर्नु ।

(ख) स्थानीय तह बीच नवप्रवर्तन कार्यक्रमका माध्यमबाट प्रतिष्पर्धात्मक वातावरण सिर्जना गर्दै नागरिकको आय आर्जन, सुशासन, सेवा प्रवाह र विकासमा पहुँच वृद्धि गर्नु ।

४. **मार्गदर्शक सिद्धान्तः** कार्यक्रमले देहायका मार्गदर्शक सिद्धान्तलाई अवलम्बन गर्नु पर्नेछः-

(क) सेवा र उत्पादनमा प्रविधि आन्तरिकीकरण, नागरिक सहभागिता, सह-सिर्जना (Co-creation), निजी-सार्वजनिक साझेदारी, डिजिटल प्लेटफर्मको विकास, सह-लगानी जस्ता नवप्रवर्तनकारी सरकार (Innovative Government) को अवधारणा लागू गर्ने ।

(ख) नियमित बजेट तथा कार्यक्रम भन्दा भिन्न मौलिक वा विशिष्ट (Spatial) तथा स्थानीय तहको कार्यकुशलता अभिवृद्धिका माध्यमबाट नागरिकमा सेवा सन्तुष्टीको दायरा विस्तारका साथै दोहोरोपना नहुने गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ग) स्थानीय तहको सिर्जनशीलता, निजी क्षेत्रको लगानी, विकास साझेदार तथा गैर सरकारी संस्थाको सहयोग र नागरिक सहभागिताको एकीकृत सहकार्यका माध्यमबाट तुलनात्मक लाभ, लगानी र जोखिमको संयुक्त साझेदारी, बाँडफाँड र सहकार्य (Collaborative Culture) गरी थप मूल्य (Value add) सिर्जना गर्ने।

(घ) शासकीय ढाँचा, शैली, उत्पादन र अन्वेषणलाई रूपान्तरण गर्दै स्थानीय आवश्यकता, परम्परागत सीप, संस्कृति, प्राथमिकता, नीति,

रणनीतिमा आधारित समावेशी आर्थिक विकास र रोजगारी प्रवर्धन गर्ने।

## परिच्छेद—२

## संस्थागत व्यवस्था, काम, कर्तव्य र जिम्मेवारी

५. **मन्त्रालयको काम, कर्तव्य र जिम्मेवारीः** कार्यक्रम कार्यान्वयनमा मन्त्रालयको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम कार्यान्वयन गर्न नीतिगत व्यवस्थापन र सहजीकरण गर्ने,

(ख) कार्यक्रमको बजेट व्यवस्थापन, अनुगमन तथा सुपरीवेक्षण, प्रगति समीक्षा एवं पृष्ठपोषण एवं प्रभाव मूल्याङ्कन गर्ने,

(ग) नवप्रवर्तनको मापदण्ड, आधार र सूचकको विकास तथा परिमार्जन गर्ने,

(घ) उत्कृष्ट उपलब्धि र सिकाइलाई संस्थागत गर्दै प्रचार, प्रसार एवं अभिलेखीकरण गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनमा आईपर्ने बाधा अड्काउ फुकाउने ।

६. **स्थानीय तहको जिम्मेवारीः** कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहमा अपेक्षित नवीन सोच र प्रविधिलाई कार्यक्रमको ढाँचामा विकास गर्ने,

(ख) साझेदारी एवं सह-लगानीको प्रारूप तयार गरी कार्यान्वयन हुने कार्यक्रमलाई वार्षिक बजेटमा व्यवस्था गरी स्वीकृत गर्ने,

(ग) मन्त्रालयबाट सार्वजनिक सूचना मार्फत माग गरिएको दफा १६ बमोजिमको प्रस्ताव कार्यपालिका बैठकबाट निर्णय गराइ मन्त्रालयमा पेश गर्ने,

(घ) सार्वजनिक-निजी साझेदारी, विकास साझेदार तथा गैर सरकारी संस्थाको लागत सहभागिताको सुनिश्चितता भएको प्रमाण (सम्झौता) पेश गर्ने,

(ङ) दुई वा सोभन्दा बढी स्थानीय तहको साझेदारीमा सञ्चालन हुने कार्यक्रममा साझेदार स्थानीय तहको लागत सहभागिताको प्रमाण (सम्झौता) पेश गर्ने,

(च) स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयको महाशाखासँग सम्झौता गर्ने,

(छ) परियोजना अन्तर्गतका क्रियाकलाप कार्यान्वयनको लागि विषयगत महाशाखा/ शाखा हेर्ने अधिकृतलाई सम्पर्क व्यक्ति तोक्ने,

(ज) परियोजना अन्तर्गतका क्रियाकलाप सञ्चालन गर्ने,

(झ) स्थानीय अनुगमन तथा मूल्याङ्कन समिति मार्फत कार्यक्रमको त्रैमासिक रूपमा अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्ने,

(ञ) कार्यक्रमको आन्तरिक एवं अन्तिम लेखापरिक्षण प्रतिवेदन महाशाखालाई उपलब्ध गराउने,

(ट) कार्यक्रमको कार्यान्वयनको चरणमा सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, फरफारक लगायतका सामाजिक उत्तरदायित्व वहन गर्ने,

(ठ) प्रदेश सरकारलाई कार्यक्रम कार्यान्वयनका चरणमा सिर्जित बौद्धिक सम्पति पुनःउत्पन्न, पुनः उपयोग, सञ्चय, परिमार्जन, संशोधन र प्रकाशन गर्न उपलब्ध गराउने,

(ड) आवश्यक अन्य कार्यहरू गर्ने।

७. **<u>महाशाखाको जिम्मेवारीः</u>** महाशाखाको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनको लागि जनशक्ति व्यवस्थापन गर्ने,

(ख) स्थानीय तहलाई नवप्रवर्तन सम्बन्धी अनुशिक्षण, अन्तर्क्रिया, तालिम, गोष्ठी आदि व्यवस्थापन गर्ने,

(ग) स्थानीय तहबाट परियोजना प्रस्ताव आह्वान गर्ने, मूल्याङ्कन तथा छनौट गर्ने र स्वीकृत भए, नभएका प्रस्तावबारे प्रस्तावकलाई जानकारी गराउने,

(घ) स्वीकृत भएका परियोजना प्रस्ताव कार्यान्वयन गर्न प्रस्तावक स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतसँग सम्झौता गर्ने,

(ङ) सम्झौता बमोजिमको रकम निकासा गर्ने, कार्यक्रमको नियमित भौतिक, वित्तीय विश्लेषण सहित आवधिक समीक्षा गर्ने,

(च) कार्यक्रमको अनुगमन तथा आवधिक प्रगति समीक्षा गरी पहिचान भएका समस्याको तत्काल समाधानका लागि सहजीकरण गर्ने र

समाधान हुन नसकेका समस्या तथा चुनौतिको प्रतिवेदन तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने,

(छ) कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहसँग समन्वय र सहजीकरण गर्ने,

(ज) निर्देशक समितिलाई कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यमा आवश्यक सहयोग पुऱ्याउने,

८. **<u>प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमः</u>** प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) क्षमता विकासका लागि कार्यक्रमको सम्बन्धमा सरोकारवालालाई अनुशिक्षण, तालिम, प्राविधिक जनशक्ति परिचालन गर्ने।

(ख) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको वित्तीय हस्तान्तरणबाट प्राप्त कार्यक्रम बीच सामञ्जस्यता तथा सहजीकरण गर्ने,

(ग) प्राविधिक सहयोग/ विज्ञलाई आवश्यकताअनुसार नवप्रवर्तनको मापदण्ड, गुणस्तर, कार्यान्वयन ढाँचा, प्रस्ताव मूल्याङ्कन लगायतका दस्तावेज तयारी गर्न परिचालन गर्ने,

(घ) परियोजनाहरूको संभाव्यता अध्ययन गर्ने, कार्यान्वयन योजना तयार गर्ने, प्रभाव र उपलब्धिको मूल्याङ्कन गर्ने,

(ङ) कार्यक्रमको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन प्रतिवेदनका लागि सहजीकरण गर्ने ।

## परिच्छेद—३

## <u>समिति सम्बन्धी व्यवस्था</u>

९. **<u>निर्देशक समितिः</u>** (१) कार्यक्रम सम्बन्धी सहजीकरण र व्यवस्थापन गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) प्रमुख सचिव, प्रदेश सरकार -संयोजक

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै महाशाखा -सदस्य

(ग) सचिव, प्रदेश सरकारका सबै मन्त्रालय -सदस्य

(घ) सचिव, प्रदेश नीति तथा योजना -सदस्य

आयोग

(ङ) महाशाखा हेर्ने सचिव, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यक्रम अन्तर्गत सञ्चालित परियोजनाहरूको प्रभावकारिताको लागि प्रदेश र स्थानीय तहमा नीति, रणनीतिगत मार्गदर्शन प्रदान गर्ने,

(ख) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि स्रोत सुनिश्चितताका लागि सहजीकरण गर्ने,

(ग) प्राविधिक समितिबाट सिफारिश भएका प्रस्तावहरूलाई स्वीकृत गर्ने ।

(घ) स्वीकृत प्रस्तावको कार्यान्वयनको लागि सम्बन्धित प्रस्तावकलाई दफा १७ को उपदफा (५) बमोजिम सम्झौताको व्यवस्था गर्ने । तोकिएको समयमा स्थानीय तहले सम्झौताका लागि सम्पर्क नगरेमा त्यसपछिको योग्यताक्रममा रहेका स्थानीय तहलाई सम्झौताका लागि आमन्त्रण गर्ने,

(ङ) कार्यक्रमको अनुगमन, समीक्षा, पृष्ठपोषण र निर्देशन सहित मार्गदर्शन प्रदान गर्ने,

(च) कार्यक्रमका उत्कृष्ट सिकाइ तथा अभ्यासहरूलाई प्रचार प्रसार गर्ने तथा सरकारका अन्य क्षेत्रमा अनुकरण गर्न सहजीकरण गर्ने,

(छ) कार्यक्रमको उद्देश्य अनुरूप रकम उपयोग नभएमा जिम्मेवार निकाय वा पदाधिकारीलाई सचेत गराउने, रकम निकाशा रोक्का गर्ने, वित्तीय सुशासनको सुनिश्चितता गर्ने ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय क्षेत्रका विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) समितिको पदाधिकारीहरूको बैठक भत्ता प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम हुनेछ।

१०. **<u>प्राविधिक समितिः</u>** (१) यस कार्यक्रम अन्तर्गत पेश हुने परियोजना प्रस्ताव मूल्याङ्कनका लागि देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, शासकीय सुधार तथा समन्वय महाशाखा | - संयोजक |
| (ख) | उपसचिव, आर्थिक मामिला मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा, | - सदस्य |
| (ग) | प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय | - सदस्य |
| (घ) | उपसचिव, कृषि तथा भूमि व्यवस्था मन्त्रालय | - सदस्य |
| (ङ) | उपसचिव, शासकीय सुधार शाखा, मन्त्रालय | - सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार विषयगत मन्त्रालयका प्रतिनिधिहरू तथा सम्बन्धित विज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रस्तावकबाट प्राप्त प्रस्तावको दफा १७ को उपदफा (१) बमोजिम परिक्षण र मूल्याङ्कन गरी सिफारिश सहित स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्ने,

(ख) प्रस्ताव मूल्याङ्कनका लागि तय गरिएका अनुसूचीमा उल्लेखित आधार तथा अंक भार प्रतिशतमा द्विविधा भएमा सरलीकरण गर्ने,

(ग) प्रस्तावक स्थानीय तहलाई आवश्यकता अनुसार आमन्त्रण गरी प्रस्तुत प्रस्तावहरू माथि थप स्पष्टताका लागि छलफल गर्ने ।

(४) समितिको पदाधिकारीहरूको बैठक भत्ता प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम हुनेछ।

## परिच्छेद-४

## प्रस्ताव पेशका लागि योग्यता र पूर्वशर्त

११. **प्रस्ताव पेश गर्न योग्यता र पूर्व शर्तः** स्थानीय तहले प्रस्ताव पेश गर्न देहाय अनुसारको योग्यता र पूर्व शर्त अनिवार्य पूरा गरेको हुनुपर्नेछ र उक्त शर्त पूरा नगरेका स्थानीय तह आवेदनका लागि योग्य हुने छैनन्।

(क) अघिल्लो आर्थिक वर्षको स्थानीय तह संस्थागत स्व-मूल्याङ्कनमा न्यूनतम ५०% अंक हासिल गरेको हुनुपर्ने,

(ख) अघिल्लो आर्थिक वर्षको स्थानीय तह वित्तीय सुशासन लेखाजोखामा न्यूनतम ५०% अंक हासिल गरेको हुनुपर्ने,

(ग) गाउँ/नगर सभाबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) अनुसार कार्यक्रम पेश गरेको र उपदफा (६) बमोजिम पारित गरेको हुनुपर्ने,

(घ) अघिल्लो आर्थिक वर्षको पूँजीगत खर्च प्रगति कम्तीमा ६० प्रतिशत रहेको,

(ङ) गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षणमा ५ प्रतिशत भन्दा कम बेरूजु रहेको,

(च) कानूनले निर्दिष्ट गरेबमोजिम अघिल्लो आर्थिक वर्षमा प्रदेश सरकारलाई दाखिला गर्नुपर्ने राजश्व बाँडफाँड वापतको रकम सम्बन्धित स्थानीय तहले विभाज्य कोषबाट प्रदेश सञ्चित कोषमा जम्मा गरेको हुनुपर्ने ।

तर, माथि उल्लेखित प्रावधानहरू पूरा गरे तापनि यो कार्यविधि लागू हुनुभन्दा अगाडि सम्झौता गरी परियोजना कार्यान्वयन गर्न नसकेका स्थानीय तहले यस कार्यविधि बमोजिम एक पटकका लागि प्रस्ताव पेश गर्न योग्य हुने छैन।

## परिच्छेद-५

## परियोजना प्रस्ताव, कार्ययोजना, छनौट र मूल्याङ्कन

१२. **नवप्रवर्तनका क्षेत्रहरू:** प्रस्ताव पेश गर्नुपर्ने नवप्रवर्तनका सम्भाव्य क्षेत्रहरू अनुसूची- १ मा उल्लेख भएअनुसार हुनेछन् ।

१३. **कार्ययोजनाः** (१) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममा आगामी आर्थिक वर्षमा सञ्चालन हुने परियोजनाहरू चालु आर्थिक वर्षको वैशाखको तेस्रो हप्ताभित्र छनौट गरी सक्नुपर्नेछ ।

(२) परियोजनाहरू छनौट गर्दा अनुसूची- २ बमोजिमको समयावधि भित्र गर्नुपर्नेछ ।

तर, आर्थिक वर्ष ०८१/०८२ को लागि असोज मसान्तसम्म परियोजना छनौट गरी सक्नुपर्नेछ।

१४. **ग्राह्य प्रस्तावहरू:** (१) कार्यक्रममा स्थानीय तहले एकल प्रस्ताव पेश गर्न सक्नेछन्।

(२) दुई वा सो भन्दा बढी स्थानीय तहले प्रस्ताव पेश गर्न चाहेमा संयुक्त परियोजना प्रस्ताव पेश गर्न सक्नेछन्। संयुक्त परियोजना प्रस्ताव पेश गर्दा एक अर्कालै बेहोर्नुपर्ने लागत साझेदारीको हिस्सा आपसी सहमतिमा कायम गर्नु पर्नेछ।

(३) गैर सरकारी संस्था, सामुदायिक संस्था, सहकारी, निजी क्षेत्रका संघ संस्थासँग प्राविधिक साझेदारी हुनेगरी आफ्नो नेतृत्व र जिम्मेवारीमा परियोजना सञ्चालन गर्न स्थानीय तहले संयुक्तरूपमा परियोजना प्रस्ताव पेश गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिम अन्य संस्थासँगको प्राविधिक सहायता साझेदारीमा परियोजना प्रस्ताव पेश गर्दा साझेदार संस्थाको लागत साझेदारी र कार्य जिम्मेवारीको स्पष्ट विवरण पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम लागत सहभागितामा सञ्चालन हुने परियोजनाको कुल लागतमा स्थानीय तहले बेहोर्नु पर्ने हिस्साको कम्तीमा ३० प्रतिशत साझेदार संस्थाले बेहोर्नु पर्नेछ।

१५. **प्रस्ताव आह्वान गर्ने:** (१) परियोजना सञ्चालन गर्न दफा ११ बमोजिम योग्य स्थानीय तहलाई पन्ध्र दिनको समय दिई अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्न अनुसूची-३ बमोजिम राष्ट्रिय स्तरको पत्रपत्रिका मार्फत सार्वजनिक सूचना आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गरेको सूचना मन्त्रालयले आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

१६. **प्रस्ताव पेश गर्ने:** (१) दफा ११ को उपदफा (१) अनुसारको शर्तहरू पूरा गरेका परियोजना सञ्चालन गर्न चाहने स्थानीय तहले महाशाखामा दफा १३ को उपदफा (१) बमोजिमको अवधिभित्र अनुसूची–४ बमोजिमको ढाँचामा आवश्यक सबै विवरणहरू र अनुसूची-५ अनुसारका सम्पूर्ण कागजात संलग्न गरी परियोजना प्रस्ताव पेश गर्नु पर्नेछ।

तर, एउटा स्थानीय तहले एक विषय क्षेत्रमा मात्र एकल वा संयुक्त प्रस्ताव पेश गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसार दर्ता हुन आएका प्रस्ताव अपर्याप्त भएमा प्राविधिक समितिको सिफारिसमा निर्देशक समितिबाट निर्णय गरी सात दिनको सूचना दिई थप प्रस्ताव माग गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रस्ताव प्राविधिक समितिले पन्ध्र दिनभित्र मूल्याङ्कन गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ। पेश भएका प्रस्ताव निर्देशक समितिले सात दिनभित्र स्वीकृत गर्नु पर्नेछ।

१७. **प्रस्ताव मूल्याङ्कनः** (१) दफा १६ बमोजिम पेश भएका प्रस्ताव प्राविधिक समितिले अनुसूची- ६ मा उल्लेखित मूल्याङ्कनका सूचकहरूको आधारमा मूल्याङ्कन गरी प्रस्तावको योग्यताक्रम (Merit) निर्धारण गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्नेछ ।

(२) निर्देशक समितिले मूल्याङ्कनमा कूल पूर्णाङ्कको कम्तीमा ६० भन्दा बढी अङ्क प्राप्त गरेका प्रस्ताव स्वीकृत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्देशक समितिबाट प्रस्ताव स्वीकृत भएको जानकारी स्थानीय तहलाई गराइ मन्त्रालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव स्वीकृत भएको जानकारी पाएको सात दिनभित्र सम्बन्धित प्रस्तावकले महाशाखासँग परियोजनाको कार्यान्वयनको सम्झौताका लागि सम्पर्क गर्नु पर्नेछ।

(५) सालबसाली कार्यक्रमका लागि छुट्याइएको बजेट परिधिभित्र रही उपदफा (१) अनुसार मूल्याङ्कनमा सबैभन्दा उच्च अङ्क प्राप्त गर्ने प्रस्तावहरू मध्येबाट क्रमैसँग छनौट गरी परियोजना कार्यान्वयनका लागि प्रस्तावक स्थानीय तहसँग अनुसूची-७ बमोजिम सम्झौता गरिनेछ।

(६) आर्थिक वर्ष ०८२/०८३ देखि यस दफा बमोजिम प्राप्त प्रस्ताव मध्ये निर्देशक समितिबाट योग्यता पुगेका स्वीकृत प्रस्तावलाई सूचिकृत गरिनेछ ।यसरी सूचिकृत गरिएका मध्येबाट योग्यताक्रम अनुसारका प्रस्तावलाई प्रदेश सरकारबाट उपलब्ध हुने बजेटको परिधी भित्र रहने गरी अन्तर सरकारी अख्तियारी दिने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद—६

## वित्तीय व्यवस्थापन

१८. **बजेट निकासाः** (१) दफा १७ को उपदफा (५) बमोजिम सम्झौता सम्पन्न गरेका स्थानीय तहलाई सशर्त अनुदानको रुपमा कार्यक्रम खर्चबाट प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई मार्फत् बजेट निकासा गर्नेछ।

(२) सम्झौता पश्चात् प्रथम किस्ता स्वरुप पचास प्रतिशत निकाशा उपलब्ध गराइनेछ। आर्थिक वर्षको अन्त्य हुने मितिको पन्ध्र दिन पहिले कार्यक्रमसँग बाँकी रकम स्थानीय तहको खर्च विवरण एकिन गरी आर्थिक मामिला मन्त्रालयबाट निकासाको व्यवस्था गरिनेछ।

(३) स्थानीय तहले आफूले व्यहोर्नुपर्ने लागत सहभागिताको रकम गाउँ सभा, नगर सभाबाट स्वीकृत गर्नु पर्नेछ।

१९. **खर्च व्यवस्थापन तथा वित्तीय अनुशासनः** (१) कार्यक्रम खर्च सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) कार्यक्रमको रकम देहायका क्षेत्रमा खर्च गर्न पाइने छैनः-

(क) भौतिक पूर्वाधार संरचना निर्माण जस्तैः सडक, पुल, सिँचाइ पूर्वाधार, जलविद्युत, भ्यूटावर, स्वागतद्वार, कार्यालय भवन, मनोरञ्जन हल, खानेपानी शुद्धीकरण जस्ता पूर्वाधारका क्षेत्र,

(ख) कार्यक्रम सञ्चालनको लागि नियमित कर्मचारीको खर्च,

(ग) ठूला मेशिनरी उपकरण तथा सवारी साधन खरिद,

(घ) विपद्सम्बन्धी स्थानीय तहले गर्दै आएका नियमित राहत वितरण सम्बन्धी कार्यक्रम।

तर, परियोजनाको अभिन्न अङ्गको रूपमा रहेका अत्यावश्यक भौतिक पूर्वाधार निर्माण, मेशिनरी उपकरण आदिमा स्थानीय तहको लागत सहभागिताको हिस्साबाट दायित्व बेहोर्ने गरी खर्च गर्न बाधा पुग्ने छैन।

२०. **खरिद व्यवस्थापनः** (१) कार्यक्रमको खरिद सम्बन्धी व्यवस्था प्रचलित खरिद कानून बमोजिम हुनेछ।

(२) कार्यक्रमबाट सञ्चालित कार्यक्रमलाई स्थानीय तहको स्वीकृत खरिद योजनामा समावेश नगरी खरिद कार्य गर्न पाइने छैन।

२१. **लेखापालन तथा प्रतिवेदनः** (१) स्थानीय तहले कार्यक्रमको प्राप्ति, लेखापालन र प्रतिवेदन प्रणाली प्रचलित कानून अनुसार राख्नु पर्नेछ।

(२) कार्यक्रमको मासिक, त्रैमासिक र अन्तिम वित्तीय तथा भौतिक प्रगति प्रतिवेदनहरू अनुसूची- ८ को ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ ।

२२. **अनुगमन र मूल्याङ्कन तथा अन्तिम लेखापरीक्षण:** (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रदेश तथा स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम हुनेछ।

(२) प्रदेश सरकारले आवश्यक ठानेमा कार्यक्रमको तेस्रो पक्ष (Third Party) बाट अनुगमन तथा मूल्याङ्कन गराउन सक्नेछ।

(३) कार्यक्रमको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

२३. **वित्तीय सुशासन तथा पारदर्शिताको सुनिश्चितता:** (१) कार्यक्रम सम्पन्न भएपछि परियोजना स्थलमा प्रचलित कानून अनुसार स्थलगत सार्वजनिक परीक्षण गर्नु पर्नेछ।

(२) कार्यक्रम सम्पन्न भएपछि प्राविधिक जाँचपास तथा फरफारक गर्नु पर्नेछ।

(३) कार्यक्रम सञ्चालन, प्रगति तथा खर्चसम्बन्धी सूचनाहरू स्थानीय तहको वेबसाइट तथा प्रतिवेदनमार्फत् नियमित रूपमा सार्वजनिक गर्नु पर्नेछ।

२४. **अनुदान रकमको सीमा र अवधि:** (१) कार्यक्रमबाट उपलब्ध हुने रकम एकल प्रस्तावको हकमा प्रति परियोजना एक करोड पचास लाख रुपैयाँ सम्म र संयुक्त प्रस्तावको हकमा चार करोड रुपैंया सम्म हुनेछ।

तर, एकल तथा संयुक्त दुवै प्रस्तावका परियोजनाको कुल लागत एक करोड रुपैयाँ भन्दा कम हुने छैन।

(२) परियोजनाको कार्यान्वयन अवधि एक आर्थिक वर्षको हुनेछ। तत्पश्चात सो परियोजना सम्बन्धित स्थानीय तहबाटै संचालन तथा मर्मत, संभार लगायतको व्यवस्था गर्नुपर्नेछ ।

(३) सम्झौता बमोजिम सालबसाली कार्यक्रमको दायित्व सोही आर्थिक वर्षमा भुक्तानी गर्नुपर्नेछ। दायित्व अर्को आर्थिक वर्षमा सारिएमा सम्बन्धित स्थानीय तहबाटै त्यस्तो भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

२५. **लागत सहभागिता:** (१) कार्यक्रमको लागत सहभागिता देहायबमोजिम हुनेछः-

(क) वार्षिक पन्ध्र लाख रूपैयाँ भन्दा कम आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कूल लागतको कम्तीमा १५ प्रतिशत रकम,

(ख) वार्षिक पन्ध्र लाख रुपैयाँ भन्दा माथि र पच्चीस लाख रूपैयाँ भन्दा कम आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कूल लागतको कम्तीमा २० प्रतिशत रकम,

(ग) वार्षिक पच्चीस लाख रूपैयाँभन्दा माथि आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कूल लागतको कम्तीमा २५ प्रतिशत रकम,

(घ) महानगरपालिकाले परियोजनाको कूल लागतको कम्तीमा ३० प्रतिशत रकम,

(ङ) एक भन्दा बढी स्थानीय तहसँग लागत साझेदारी गर्नेगरी परियोजना प्रस्ताव पेश गर्दा परियोजनाको कूल लागतको कम्तीमा ३५ प्रतिशत रकम।

(२) कार्यक्रममा सामुदायिक संस्था, गैरसरकारी संस्था, सहकारी तथा निजी क्षेत्रसँगको लागत साझेदारीमा परियोजना प्रस्ताव गर्दा यी संस्थाले प्रस्तावक स्थानीय तहले बेहोर्नु पर्ने हिस्साको कम्तीमा ३० प्रतिशत रकम लागत साझेदारी गर्नु पर्नेछ।

(३) दुई वा दुईभन्दा बढी स्थानीय तहको लागत साझेदारीमा प्रस्ताव पेश गरिएमा प्रमुख प्रस्तावक र साझेदार स्थानीय तहको हिस्सा आपसी समझदारीमा कायम गर्न सकिनेछ।

(४) स्थानीय तहले यस कार्यक्रम बाहेक संघ तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणका कार्यक्रमसँग लागत साझेदारी हुने गरी परियोजना प्रस्ताव पेश गर्न सक्ने छैनन्।

## परिच्छेद–७

## विविध

२६. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा निर्देशक समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२७. **कारबाही गरिने:** सम्झौता बमोजिम परियोजना सञ्चालन नगर्ने स्थानीय तहलाई अनुदान रोक्का गरी प्रचलित कानून बमोजिम कारबाही प्रक्रिया अघि बढाइनेछ।

२८. **खारेजी र बचाउ:**(१) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ खारेज गरिएको छ ।

(२) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ अन्तर्गत भए गरेका कार्यहरू यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

## अनुसूची–१

(दफा १२ सँग सम्बन्धित)

**नवप्रवर्तनका केही सम्भावित विषय क्षेत्रहरू**

| विषय क्षेत्र | संभावित परियोजना |
|---|---|
| १. कृषि | १.१ रैथाने बाली, उत्पादन र ब्रान्डिङ<br>१.२ स्थानीय जातका माछाको उत्पादन र ब्रान्डिङ<br>१.३ Agro-processing, Value add & Branding का उपायहरू (जस्तै: Juice, Jam)<br>१.४ करार र सामुदायिक व्यावसायिक खेती प्रवर्धन (फूल खेती, ओखर खेती, ड्रागन खेती आदि)<br>१.५ कृषि उपजको बजारीकरण र सञ्जालीकरण ।<br>१.६ पशु तथा मत्स्यजन्य उपजको बजार सञ्जालीकरण (Market Networking)<br>१.७ विपन्न लक्षित समुदाय जीविकोपार्जन सुधार कार्यक्रम<br>१.८ प्राङ्गारिक तथा जैविक मल उत्पादन र बजारीकरण,<br>१.९ पशुपन्छी आहार व्यवस्थापन (जस्तैः साइलेज उत्पादन) |
| २. पर्यटन | २.१ समुदायमूलक (Pro-community) तथा पर्या-पर्यटन (Eco-tourism) प्रवर्धन,<br>२.२ कृषि- पर्यटन (Agro-tourism) संयोजन (जस्तैः स्याउ, सुन्तला बगैंचा, माछापालन, फूल खेती)<br>२.३ स्थानीय (Indegenous) कला, प्रविधि, सीप प्रवर्धन,<br>२.४ लोक संस्कृति (Folk Culture & Ballad) संरक्षण र विकास,<br>२.५ Nature, Culture and Adventure Model (जस्तैः हनी हन्टिङ, रक क्लाइम्बिङ, फुट ट्रेल आदि)<br>२.६ अन्तर स्थानीय तह सांस्कृतिक पर्यटन प्रवर्धन (जस्तैः सर्किट, ट्याङ्गुलर आदि) |
| ३. आर्थिक उपार्जन | ३.१ उद्यमशीलता प्रवर्धन,<br>३.२ युवा रोजगार र स्व-रोजगार<br>३.३ नयाँ व्यवसाय वा उद्योग (स्टार्ट अप विजनेस)<br>३.४ वित्तीय साक्षरता, पहुँच, बचत लगायतका कार्यक्रम |

| | |
|---|---|
| | ३.५ आर्थिक सामाजिक रूपमा पछाडि परेका वर्गहरूको आर्थिक सामाजिक रूपान्तरण,<br>३.६ अन्तर स्थानीय तह आर्थिक साझेदारी विकास र प्रवर्धन गर्ने (Economic Corridor, फोहोरमैला व्यवस्थापन र हरित रोजगारी आदि) |
| ४. शिक्षा तथा स्वास्थ्य | ४.१ डिजिटल लर्निङ सम्बन्धी प्रविधि (जस्तैः Innovation Lab, विषयगत प्रयोगशाला)<br>४.२ बालमैत्री र समावेशी शिक्षा,<br>४.३ स्थानीय भाषाको संरक्षण, ई-लर्निङ पाठ्यवस्तु र सामग्री निर्माण,<br>४.४ फ्राईडे फर फ्युचर कार्यक्रम (जस्तैः Life Skill, Painting, Drawing, Cooking, Hair cutting, Beautician, Knowledge- transfer, दुना टपरी गास्न सिकाउने, खेती गर्न सिकाउने etc.)<br>४.५ SMART Health, प्रतिकारात्मक स्वास्थ्य सेवा, टेलीमेडिसिन<br>५.५ बाल तथा मातृ स्वास्थ्य सुधार कार्यक्रम |
| ५. सुशासन र सेवा प्रवाह | ५.१ सार्वजनिक सेवामा एकद्वार प्रणाली,<br>५.२ सार्वजनिक सेवा प्रवाह गर्न नवप्रवर्तन प्रयोगशाला<br>५.३ लैङ्गिक समानता र सशक्तिकरण प्रवर्द्धन (जस्तैः अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग, लोपोन्मुख, यौनिक अल्पसंख्यकको लागि आय आर्जन तथा जीविकोपार्जन) |
| ६. उद्योग | ६.१ रैथाने, मौलिक, परम्परागत ज्ञान, सीपमा आधारित वस्तु उत्पादन, उपयोग, प्रशोधन, परिस्कृत, प्याकेजिङ गर्ने,<br>६.२ स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्यम (सावुन, धूप, सलाई, मैनबत्ती, टुथपिक), बजारीकरण,<br>६.३ गैर काष्ठ वन पैदावारमा आधारित उद्योग प्रवर्धन (जस्तैः फर्निचर, हस्तकलाका सामग्री, टिमुर,लप्सी, अचार बनाउने, दुना-टपरी उद्योग र बजारीकरण)<br>६.४ Farm to Factory कार्यक्रम (गोठदेखि ओठसम्म, आलीदेखि थालीसम्म)<br>६.५ महिला उद्यमशील कार्यक्रम (जस्तैः घरेलु तथा साना उद्योग, |

| | |
|---|---|
| | उत्पादन, प्रशोधन, बजारीकरण) |
| ७. सूचना र सञ्चार | ७.१ सूचना प्रविधि र सार्वजनिक सूचनामा नागरिकको पहुँच वृद्धि,<br>७.२ विद्युतीय सुशासन सम्बन्धी क्षेत्र (जस्तैः अनलाईन कर प्रणाली, गुनासो व्यवस्थापन प्रणाली, घर नक्शा पास, स्थानीय विवाद निरूपण प्रणाली)<br>७.३ डिजिटल सेवा केन्द्र<br>७.४ ICT Boot Camp (युवा क्लव, शैक्षिक संस्था, सामाजिक सञ्जाल)<br>७.५ डिजिटल सेवा प्रवाह (GIS Mapping, Municipal Metric System, Resource Mapping, Monitoring Platform, डिजिटल प्रोफाईल, etc.),<br>७.६ E-Agriculture (जस्तैः कृषि, पशु बजारीकरण प्रणाली) |

## अनुसूची- २

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**कार्ययोजना**

| क.सं. | क्रियाकलापहरू | समय सीमा | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | कार्यक्रममा प्रस्ताव पेश गर्न कार्यविधिको दफा ११ (३) अनुसारका पूर्व शर्त पूरा गरेका स्थानीय तहको सूची तयार गर्ने, वेभसाईटमा प्रकाशन गर्ने । | फागुनको दोस्रो हप्ता | महाशाखा |
| २. | दफा ११ अनुसार प्रस्ताव पेश गर्न योग्य स्थानीय तहलाई प्रस्ताव सम्बन्धी अभिमुखीकरण/ प्रस्ताब लेखन सम्बन्धी तालिम सञ्चालन गर्ने | फागुन मसान्त | महाशाखा |
| ३. | प्रस्ताव आह्वानका लागि सूचना प्रकाशित गर्ने | चैतको पहिलो हप्ता | महाशाखा |
| ४. | प्रस्ताव पेश गर्ने | चैत तेस्रो हप्ता | स्थानीय तह |
| ५. | प्रस्तावको मूल्याङ्कन गर्ने | बैशाखको पहिलो हप्ता | प्राविधिक समिति |
| ६. | योग्यताक्रम अनुसार प्रस्तावहरूको सूची तयार गर्ने/ प्रस्ताव स्वीकृत गर्ने, | बैशाखको तेस्रो हप्ता | निर्देशक समिति |

## अनुसूची—३

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

**मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मितिः....................................*

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको चालु आ.व........ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनका लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा १४ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र गण्डकी प्रदेशस्थित दफा ११ अनुसारको योग्यता पुगेका स्थानीय तहले अनुसूची-१ अनुसारका विषय क्षेत्रमा परियोजना सञ्चालनका लागि अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी कार्यविधिको अनुसूची-५ बमोजिमका सबै कागजात सहित सक्कल प्रति आवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ।

यस सम्बन्धी थप जानकारी मन्त्रालयको वेबसाइट ocmcm.gandaki.gov.np मा रहेको **मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१** मार्फत प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागि,**

सम्पर्क व्यक्तिको नामः

सम्पर्क नम्बरः

## अनुसूची–४

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रस्ताव पेश गर्ने ढाँचा</u>**

**परियोजनाको नामः**

| | |
|---|---|
| **क. परियोजना सम्बन्धी संक्षिप्त जानकारी** | |
| (१) परियोजनाको नाम/शीर्षक | |
| (२) परियोजना लागू हुने स्थानीय तहको नामः | |
| (३) वडा नं. | टोल/ वस्तीः |
| (४) प्रस्तावकको नाम | |
| (५) प्रस्तावक स्थानीय तहको सम्पर्क इमेल र फोन नं. | |
| (६) परियोजना कार्यान्वयन गर्ने महाशाखा/शाखा | |
| (७) सम्पर्क व्यक्तिको नामः | |
| (८) सम्पर्क व्यक्तिको इमेलः | |
| (९) सम्पर्क व्यक्तिको मोबाइल नं.: | |
| (१०) परियोजनाको अवधि | आ.व. .... |
| (११) परियोजनाको प्रकार | एकल वा संयुक्त |
| (१२) संयुक्त प्रस्ताव भएमा (साझेदारहरूको नाम, ठेगाना, इमेल/फोन नं. र सम्पर्क व्यक्तिको नाम र मोबाइल नं.) | १.<br>२.<br>३. |
| (१३)परियोजनाको कुल लागत रू. | लागत सहभागिता रु. .....<br>संयुक्त प्रस्ताब भएमा,<br>साझेदार संस्थाको तर्फबाट जम्मा हुने रकमः रू. |
| (१४) प्रस्ताव पेश गरेको मिति | |
| **ख. कार्यक्रमको विस्तृत प्रारुप, नवप्रर्वतनमा योगदान तथा कार्यान्वयन प्रक्रिया (व्याख्या गर्नुपर्ने)** | |
| (१) परियोजनाको पृष्ठभूमि (समस्या तथा अवसरको विवरण) | |
| (२) आयोजनाले नवप्रवर्तनलाई सहयोग गर्ने पुष्ट्याई (विद्यमान समस्यालाई कसरी नविनतम् प्रविधिको प्रयोगबाट मितव्ययी, कम समय र प्रभावकारी रूपमा समाधान गर्न सकिन्छ? | |

| |
|---|
| समुदायको लागि सहज र सरल रूपमा उपलब्ध हुन सक्छ? तथ्यमा आधारित भई बुँदामा उल्लेख गर्ने) |
| (३) परियोजनाको नवप्रवर्तन अवधारणापत्रमा पेश गरिएको योगदान लगायत नवीनतम् सकारात्मक परिवर्तनका क्षेत्रहरूमा केन्द्रित भएर थप गहन विश्लेषण गरिएको (कम्तीमा पनि ५०० शब्द)<br>क) अध्ययनको समयमा सम्पन्न गरिएका क्रियाकलापहरू:<br><br>ख) प्राविधिक सम्भाव्यताः (अध्ययनको समयमा देखिएका प्रविधिको प्रकार, व्यवहारिकता र स्थायित्व)<br><br>ग) आर्थिक सम्भाव्यताः (लागत प्रभावकारिता, लाभ/लागत विश्लेषण, स्थानीय स्तरमा उपलब्ध हुनसक्ने सामग्री, स्थानीय लागत सहभागिता, सञ्चालन तथा मर्मत, संभार खर्च, विद्यमान माग/आपूर्ती श्रृङ्खला र परियोजना कार्यान्वयन पश्चात हुने परिवर्तन, लगानी र प्रतिफल योजना (Business Plan), सिर्जना हुन सक्ने रोगगारी, नागरिकको आर्थिक अवस्थामा पर्नसक्ने संभावित प्रभाव, समावेशी आर्थिक विकासमा योगदान आदि)<br><br>घ) सामाजिक सम्भाव्यताः (सामाजिक समावेशी, सामाजिक सांस्कृतिक स्वीकार्यता, कार्यान्वयन तत्परता, समुदायको परियोजना कार्यान्वयनमा सहभागिता र तत्परता आदि)<br><br>ङ) वातावरणीय प्रभाव, दिगोपना र परियोजनाको विश्वशनीयताः (परियोजना वातावरण मैत्री, लाभप्रद र दिगो हुने बलियो आधारहरू)<br><br>च) परियोजनाको दिगोपनाको सुनिश्चितताः |
| (४) परियोजना माग गर्नुका आधार तथा औचित्य |
| (५) परियोजनाको तार्किक ढाँचा (परियोजनाका उद्देश्य, प्रभाव, उपलब्धि, प्रतिफल एवं मुख्य क्रियाकलापहरू बीच कारणगत सम्बन्ध कायम गरिएको- बढीमा २ पेज) |
| परियोजनाको लक्ष्य............ |

| विवरण | सङ्ख्यात्मक रूपमा पुष्ट्याइँयोग्य | गुणात्मक रूपमा पुष्ट्याइँयोग्य | पुष्ट्याइँका आधारहरू (Means of Verification) |
|---|---|---|---|

| | सूचकहरू (Objectively Verifiable Indicators) | सूचकहरू (Verifiable Qualititative Indicators) | |
|---|---|---|---|
| उद्देश्य १..... | | | |
| उपलब्धि १............ | | | |
| प्रतिफल १.१............ | | | |
| प्रतिफल १.२............ | | | |
| उद्देश्य २ | | | |
| उपलब्धि २............ | | | |
| प्रतिफल २.१............ | | | |
| प्रतिफल २.२............ | | | |
| प्रतिफल २.३............ | | | |
| मुख्य गतिविधिहरू<br>१..............२..................३............................४............................५............................................... | | | |
| (१) परियोजना कार्यान्वयन प्रक्रिया ( ढाँचा, योजना तर्जुमा तथा बजेट व्यवस्थापन, मानव संशाधन परिचालन, अनुगमन प्रक्रिया तथा गतिविधिहरू सञ्चालन आदि) | | | |
| (२) परियोजनाको लाभग्राही सङ्ख्या (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न तथा वञ्चित समूह) विवरण (वर्गीकृत रुपमा वास्तविक विवरण भर्नुपर्ने) | | | |
| (३) परियोजनाले दिगो विकास लक्ष्य कार्यान्वयनमा योगदान ( गरिबी न्यूनीकरण, लैङ्गिक समता, बहु-सरोकारवालासँगको सम्बन्ध तथा समन्वय जस्ता विषयवस्तु समेत समेट्नु पर्ने) | | | |
| (४) पारदर्शी तथा गुणस्तरीय कार्यको सुनिश्चितताका लागि प्रयोग गरिने औजारहरु | | | |
| (५) परियोजनाका प्रगति तथा सिकाइको अभिलेख, नीतिगत प्रभाव विश्लेषण आदि | | | |

## ग. परियोजनाको प्रस्तावित अनुगमन तथा मूल्याङ्कन तालिका

| विवरण | समय तालिका | पटक | अनुगमनमा संलग्न हुने जनशक्ति विवरण | |
|---|---|---|---|---|
| | | | नाम | पद |
| (१) सम्भाव्यताको लागि स्थलगत भ्रमण | | | | |
| (२) प्रगति अनुगमन | | | | |
| (३) जाँचपासको लागि भ्रमण | | | | |
| (४) सार्वजनिक परीक्षणको भ्रमण | | | | |
| (५) आयोजना हस्तान्तरणमा भ्रमण | | | | |
| (६) प्रगति समीक्षा | | | | |

## घ. आयोजनाको प्रस्तावित कार्यान्वयन तालिका

| क्रियाकलाप | समय | जिम्मेवारी | प्रतिफल |
|---|---|---|---|
| (१) अवधारणा पत्र तयार पार्ने | | | |
| (२) लागत अनुमान तयार पार्ने | | | |
| (३) परामर्श सेवा भए कार्यशर्त क्षेत्र तथा अनुरोध प्रस्ताव तयार गर्ने<br>(४) तालिम कार्य भए तालिम योजना तयार पार्ने | | | |
| (५) उपकरण खरिद भए स्पेसिफिकेसनसहित बिड डकुमेन्ट तयार गर्ने | | | |
| (६) निर्माण कार्य भए स्पेसिफिकेसनसहित आवश्यक कागजात तयार गर्ने | | | |
| (७) सूचना वा प्रस्ताव आह्वान | | | |
| (८) प्रस्तावको मूल्याङ्कन | | | |
| (९) सम्झौता समय | | | |
| (१०)कार्यान्वयन सम्पन्न | | | |
| (११)जाँचपास | | | |
| (१२)सार्वजनिक परीक्षण | | | |
| (१३) फरफारक | | | |

**ङ. प्रस्तावित परियोजनाको संभावित जोखिमको लेखाजोखा**

| सम्भावित जोखिम | जोखिमको असर/ परिणाम | जोखिम न्यूनीकरणको रणनीति |
|---|---|---|
| (१) वातावरणीय तथा विपद् जोखिम | | |
| (२) वित्तीय जोखिम | | |
| (३) प्राविधिक तथा अन्य जोखिम आदि | | |
| (४) अन्यः | | |

**च. समसामयिक विषयवस्तुः**

| विषय | विवरण | कैफियत |
|---|---|---|
| (१) सीमान्तीकृत वर्गको आर्थिक, सामाजिक विकासका क्षेत्रमा योगदान | | |
| (२) लैङ्गिक उत्तरदायी बजेटको प्रतिशत | | |
| (३) संस्थागत स्वमूल्याङ्कमा प्राप्त गरेको अङ्क | | |
| (४) वित्तीय सुशासन मूल्याङ्कनमा प्राप्त गरेको अङ्क | | |
| (५) गत आ.व. को पुँजीगत खर्चको प्रतिशत | | |
| (६) प्रस्तावमा भौतिक पूर्वाधारमा छुट्याइएको खर्च प्रतिशत | | |
| (७) गत आ.व.भन्दा अघिल्लो आ.व.को बेरूजु प्रतिशत | | |
| (८) गत आ.व.मा स्थानीय तहको आन्तरिक आय | | |

**छ. परियोजनाको बजेट खर्चको बाँडफाँट ( रकम रु.)**

| **१. जनशक्ति खर्च** | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा १** | | | | |
| **२. उपकरण खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा २** | | | | |
| **३. निर्माण खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | **उप–जम्मा ३** | | | | |
| **४. तालिम खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम / बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा ४** | | | | |
| **५. परामर्श खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम / बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा ५** | | | | |
| **६. अनुगमन खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम / बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा ६** | | | | |
| **७. अन्य गतिविधि खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम / बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा ७** | | | | |
| | | **कुल जम्मा लागत खर्च रु. (१+२+३+४+५+६+७)** | | | | |
| **कार्यक्रमसँग सम्बन्धित खर्च मात्र समावेश गर्नु पर्दछ। जस्तैः निर्माण कार्यमा तालिम खर्च नहुन सक्छ।** | | | | | | |
| | | | | | | |

**८. परियोजनाको प्रकृति अनुसार व्यवसायिक योजना प्रस्तुत गर्नुपर्नेः**

क) परियोजना कार्यान्वयनको लाभ/ लागत विश्लेषण

ख) परियोजनाको लागत शून्य हुने अवधी (उत्पादन शुरु भए देखिको खर्च र आम्दानी (विक्री) अनुपात, बजार व्यवस्था विस्तृतमा उल्लेख गर्ने)

**<u>नोटः</u>**

माथिको लागत अनुमान टेबललाई एक्सेल सिटमा तयार गरी पेश गर्नु पर्नेछ। यसमा आवश्यकता अनुसार तेस्रो पङ्क्ति (Row) थपघट गर्न सकिनेछ। साथै, प्रस्ताव (Project Proposal) को प्रकृतिसँग सान्दर्भिक माथि उल्लेख भए बमोजिमका सबै बुँदाहरू विस्तृत रूपमा भरिएको हुनु पर्नेछ । पूरा विवरण नभरिएका प्रस्ताव रद्द हुनेछ।

## अनुसूची–५

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**परियोजना प्रस्तावसँग अनिवार्य समावेश हुनुपर्ने कागजातहरू**

१) परियोजना प्रस्तावका लागि दिईएको ढाँचा (अनुसूची-३) अनुसार आवश्यक सबै विवरणहरू यथेष्ट मात्रामा भरी परियोजना मन्त्रालयमा पेश गर्ने सम्वन्धी गाउँपालिका/नगरपालिकाको चलानी पत्र सहितको परियोजना प्रस्ताव-१।

२) कार्यविधिको दफा २५ अनुसार लागत साझेदारीमा परियोजना कार्यान्वयन गर्न गाउँ/नगर कार्यपालिकाको सदस्यहरूको उपस्थिति सहितको निर्णयको प्रमाणित प्रति।

३) गत आ.व. को स्थानीय तह संस्थागत स्व-मूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को नतिजा सार्वजनिक गरेको गाउँ/ नगर कार्यपालिकाको निर्णयको प्रति र स्वमूल्याङ्कन नतिजाको वेभ पोर्टलको स्क्रिन सट।

४) चालु आ.व.को बजेट तथा कार्यक्रमलाई गत आ.व.को असार १० भित्र गाउँ/नगर सभामा प्रस्तुत गरी असार मसान्त भित्र सभाबाट पारित गरिएको निर्णयको प्रमाणित प्रति।

५) अघिल्लो आ.व.को कूल पूँजीगत बजेटको कम्तीमा ६०% खर्च भएको पुष्ट्याई हुने कागजातको प्रमाणित प्रति।

६) गत आ.व.मा राजश्व बाँडफाँडबाट प्राप्त रकम कानून बमोजिम विभाज्य कोषमा जम्मा गरेको पुष्ट्याई हुने कागजातको प्रमाणित प्रति।

७) दुई वा सो भन्दा बढी स्थानीय तहले संयुक्त रूपमा प्रस्ताव पेश गरेमा साझेदारको लागत साझेदारीको निर्णय र प्रतिवद्धता सहितको समझदारी पत्रमा हस्ताक्षर भएको प्रमाणित प्रति।

८) गैर-सरकारी संस्था, सामुदायिक संस्था, सहकारी संस्था वा निजी क्षेत्रसँग लागत साझेदारीमा प्रस्ताव पेश भएमा लागत साझेदारीको रकमको विवरण सहित भएको सम्झौताको प्रमाणित प्रति।

९) यो कार्यविधिमा प्रस्तावित खर्चका क्षेत्रहरू, कार्यविधिमा उल्लेख भएअनुसार भएको र परियोजना स्वीकृत भएमा त्यसको पूर्ण सञ्चालन, मर्मत संभार र दिगोपनको लागि सम्पूर्ण दायित्व प्रस्ताव प्रस्तुतकर्ता स्थानीय तह/ हरुको हुने स्व-घोषणा पत्र।

# अनुसूची—६

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

## परियोजना प्रस्ताव मूल्याङ्कनका आधारहरू

| क्र. सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| (१) | प्रस्तावको नवप्रवर्तन अवधारणा | १० | — अति उत्तम नवप्रवर्तनकारी प्रस्ताव (पूर्ण रुपमा नयाँ र हाल सम्म परीक्षण नगरिएको) = १०० %<br>— उत्तम नवप्रवर्तनकारी प्रस्ताव = ८० %<br>— मध्यम नवप्रवर्तनकारी (अन्य क्षेत्रमा समेत अनुकरणीय) भएको = ६० %<br>— न्यून नवप्रवर्तनकारी (अन्य क्षेत्रमा यस अघि पनि सफलतापूर्वक परीक्षण गरिसकेको र नयाँ क्षेत्रमा विस्तार गर्न सकिने) = ४० %<br>— नवप्रवर्तनकारी नभएको = ०% | | उद्देश्यसँग तालमेल मिलेको |
| (२) | परियोजनाको तार्किक ढाँचा (Log Frame) को अवस्था | ५ | — अति प्रभावकारी भएको (पूर्णरुपमा कारणगत लिङ्केज कायम गरेको) = १०० %<br>— मध्यम तवरले प्रभावकारी भएको (ठीकै रुपमा कारणगत लिङ्केज कायम गरेको) = ७५ %<br>— सामान्य प्रभावकारी भएको ( थोरै कारणगत लिङ्केज कायम गरिएको) = ५० %<br>— कारणगत लिङ्केज कायम नगरेको = ०% | | |
| (३) | कार्यान्वयन ढाँचा तथा व्यवस्थापन | १० | — अत्यन्तै प्रभावकारी भएको = १०० % | | |

| क्र. सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | — मध्यम प्रभावकारी भएको = ७५ %<br>— सामान्य प्रभावकारी भएको = ५० %<br>— प्रभावकारी नभएको = ० % | | |
| (४) | भौगोलिक रुपमा दुर्गम क्षेत्रलाई प्राथमिकता | ५ | प्रदेश सरकारले प्रचलित कानूनमा गरेको वर्गीकरणमा<br>– "क" वर्गमा परेका स्थानीय तहका लागि -५,<br>– "ख" वर्गका स्थानीय तहका लागि -३,<br>– "ग" वर्गका स्थानीय तहका लागि -१ र<br>– "घ" वर्गका स्थानीय तहका लागि-०,<br>— तर, एकभन्दा बढी स्थानीय तहले संयुक्त रुपमा अवधारणा पत्र पेश गरेको अवस्थामा प्रस्ताव गर्ने स्थानीय तहको अंक प्रदान गरिनेछ । | | गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम भएको स्थानीय तहको भौगोलिक वर्गीकरण अनुसार |
| (५) | महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत र लक्षित वर्गको सशक्तीकरणमा योगदान | १० | — लाभग्राहीमध्ये कम्तीमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तीकृत वर्ग को ६०% सहभागिता रहेको = १००%<br>— लाभग्राहीमध्ये कम्तीमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति | | |

| क्र. सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | तथा अन्य सीमान्तीकृत वर्गको ५०% सहभागिता रहेको = ८०%<br>— लाभग्राहीमध्ये कम्तीमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तीकृत वर्गको ४०% सहभागिता रहेको = ६०%<br>— लाभग्राहीमध्ये कम्तीमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तीकृत वर्गको ४०% भन्दा कम रहेको = ०% | | |
| (६) | दिगो विकासका लक्ष्यमा योगदान दिने | ५ | — दीगो विकासका लक्ष्यहरु मध्ये कम्तीमा ८ वा सो भन्दा बढीमा योगदान गर्ने= १००%<br>— दीगो विकासका लक्ष्यहरु मध्ये कम्तीमा ५ देखि ७ सम्म योगदान गर्ने= ७०%<br>— दीगो विकासका लक्ष्यहरु मध्ये कम्तीमा ३ देखि ४ सम्म योगदान गर्ने= ४०%<br>— दीगो विकासका राष्ट्रिय लक्ष्यमा २ वा सो भन्दा कम योगदान गर्ने = ० % | | |
| (७) | पारदर्शी एवं गुणस्तरीय कार्यको सुनिश्चितताका लागि प्रयोग गरिने औजार | ५ | — पूर्ण पारदर्शी एवं गुणस्तरीय कार्यको सुनिश्चितताका लागि प्रयोग गरिने औजार ( नागरिक संलग्नता, तेश्रो पक्ष अनुगमन, जवाफदेहिताका औजार पूर्ण प्रयोग सुनिश्चित गरिएको) = | | |

| क्र. सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | १००%<br>— पारदर्शी एवं गुणस्तरीय कार्यको सुनिश्चितताका लागि प्रयोग गरिने औजार ( नागरिक संग्लग्नता, तेश्रो पक्ष अनुगमन, जवाफदेहिताका औजार मध्यम प्रयोग सुनिश्चित गरिएको) = ७५%<br>— पारदर्शी एवं गुणस्तरीय कार्यको सुनिश्चितताका लागि प्रयोग गरिने औजार ( नागरिक संग्लग्नता, तेश्रो पक्ष अनुगमन, जवाफदेहिताका औजार केही प्रयोग सुनिश्चित गरिएको) = ५०%<br>— पारदर्शी एवं गुणस्तरीय कार्यको सुनिश्चितताका लागि प्रयोग गरिने औजार उल्लेख नगरिएको = ०% | | |
| (८) | ज्ञान व्यवस्थापन तथा सिकाइ | ५ | — प्रभावकारी ज्ञान व्यवस्थापन तथा सिकाई प्रक्रिया उल्लेख भएको= १००%<br>— ज्ञान व्यवस्थापन तथा सिकाई प्रक्रिया मध्यम रुपमा प्रस्तुत गरिएको= ७५%<br>— ज्ञान व्यवस्थापन तथा सिकाई प्रक्रिया सामान्य रुपमा प्रस्तुत गरिएको= ५०%<br>— ज्ञान व्यवस्थापन तथा सिकाई सुनिश्चितता नभएको= ०% | | |
| (९) | लैंङ्गिक उत्तरदायी बजेट विनियोजन | ५ | — क्रियाकलापहरुमा ६० % भन्दा बढी लैंङ्गिक उत्तरदायी बजेट | | |

| क्र. सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | गरिएको | | रहेको (निर्दिष्ट) = १००%<br>— क्रियाकलापहरुमा १०% देखि ६० % सम्म लैंङ्गिक उत्तरदायी बजेट रहेको (सहयोगी) = ७५%<br>— क्रियाकलापहरुमा १० % भन्दा कम लैंङ्गिक उत्तरदायी बजेट रहेको (तटस्थ) = ०% | | |
| (१०) | संस्थागत स्वमूल्याङ्कनमा प्राप्ताङ्क | ५ | — ९१ भन्दा बढी अङ्क प्राप्त गरेको = १००%<br>— ८१ भन्दा बढी ९० भन्दा कम अङ्क प्राप्त गरेको = ९०%<br>— ७१ भन्दा बढी ८० भन्दा कम अङ्क प्राप्त गरेको = ८०%<br>— ६१ भन्दा बढी ७० भन्दा कम अङ्क प्राप्त गरेको = ७०%<br>— ५१ भन्दा बढी ६० भन्दा कम अङ्क प्राप्त गरेको = ६०%<br>— ५० भन्दा कम अङ्क प्राप्त गरेको = ०% | | |
| (११) | बेरुजुको अवस्था | ५ | — १ % भन्दा कम बेरुजु भएको = १००%<br>— १% भन्दा बढी र २% भन्दा कम बेरुजु भएको = ८०%<br>— २% भन्दा बढी र ३% भन्दा कम बेरुजु भएको = ६०%<br>— ३% भन्दा बढी र ४% भन्दा कम बेरुजु भएको = ४०%<br>— ४% भन्दा बढी र ५% भन्दा कम बेरुजु भएको = २०% | | |

| क्र. सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | — ५% भन्दा बढी बेरुजु भएको = ०% | | |
| (१२) | वित्तीय सुशासन मूल्याङ्कनमा प्राप्ताङ्क | ५ | — ९१ भन्दा बढी अङ्क प्राप्त गरेको = १००%<br>— ८१ भन्दा बढी ९० भन्दा कम अङ्क प्राप्त गरेको = ९०%<br>— ७१ भन्दा बढी ८० भन्दा कम अङ्क प्राप्त गरेको = ८०%<br>— ६१ भन्दा बढी ७० भन्दा कम अङ्क प्राप्त गरेको = ७०%<br>— ५० भन्दा बढी ६० भन्दा कम अङ्क प्राप्त गरेको = ६०%<br>— ४९.९ भन्दा कम अङ्क प्राप्त गरेको = ०% | | |
| (१३) | गत आ. व. को पुँजीगत खर्चको प्रतिशत | ५ | — ९१ भन्दा बढी अङ्क प्राप्त गरेको = १००%<br>— ८१ भन्दा बढी ९० भन्दा कम अङ्क प्राप्त गरेको = ९०%<br>— ७१ भन्दा बढी ८० भन्दा कम अङ्क प्राप्त गरेको = ८०%<br>— ६० भन्दा बढी ७० भन्दा कम अङ्क प्राप्त गरेको = ७०% | | |
| (१४) | प्रस्तावित परियोजनामा भौतिक पूर्वाधारका क्षेत्रमा हुने खर्च | १० | — ६० % भन्दा बढी = ०%<br>— ५१ % भन्दा बढी ६० % सम्म = ३०%<br>— ४१ % भन्दा बढी ५० % सम्म = ६०%<br>— ३१ % भन्दा बढी ४० % सम्म = | | |

| क्र. सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | ८०%<br>— ३० % भन्दा कम = १००% | | |
| (१५) | प्रस्तावित परियोजना, बजेट र कार्यक्रम तालिका बीचको सामञ्जस्यता | १० | — पूर्ण सामजस्यता रहेको =१००%<br>— मध्यम स्तरको सामजस्यता रहेको = ७५%<br>— न्यून सामजस्यता रहेको =५०%<br>— सामजस्यता नरहेको =०% | | |
| | **कुल जम्मा अङ्क** | १०० | | | |

*<u>नोटः</u>- प्रस्ताव ग्राह्य हुनका निमित्त यस अनुसूचीमा उल्लेखित मूल्याङ्कन सूचकहरूको कुल अङ्कको कम्तीमा ६० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ।*

**अनुसूची-७**

(दफा १७ को उपदफा (५) सँग सम्बन्धित)

**<u>सम्झौताको ढाँचा</u>**

**“मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम” कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश (यसपछि प्रथम पक्ष उल्लेख गरिएको) तथा ............ गाउँ/ नगरपालिका, ............ (यसपछि दोस्रो पक्ष उल्लेख गरिएको) का बीच भएको सम्झौता-पत्र**

स्थानीय सुशासन, सेवा प्रवाह र आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशले मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा १७ को उपदफा (५) बमोजिम प्रदेश तथा स्थानीय तहको सह-लगानीमा नवीनतम परियोजनाहरू सञ्चालन गरी नवप्रवर्तनलाई संस्थागत गर्नको लागि यो परियोजना कार्यान्वयन सम्झौता गरिएको छ।

| | | | |
|---|---|---|---|
| **क. परियोजना सम्बन्धी विवरण** | | | |
| १. परियोजनाको नामः | | | |
| २. कार्यान्वयन हुने स्थानः | २.१. जिल्लाः | २.२. स्थानीय तहः ........... गाउँ/नगरपालिका | |
| ३. परियोजनाको अवधिः | ३.१. शुरु हुने मितिः | ३.२. सम्पन्न हुने मितिः | |
| **ख. परियोजनाको लागत सम्बन्धी विवरणः** | | | |
| १. परियोजनाको कुल लागतः | रू. | लागत साझेदारीः | रू. |
| २. स्थानीय तहः रू. | २.१ मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमः रु. | | |
| **ग. परियोजनाबाट लाभान्वित हुने जनसंख्याः** | | | |
| १. कुल लाभान्वितः | १.१. घरपरिवारः वटा | १.२. जनसंख्याः जना | |
| २. महिला/पुरुषः | २.१. महिलाः जना | २.२. पुरुषः जना | |
| | ३.२. अन्यः | | |
| ३. समुदायः | ३.१. दलितः जना | ३.२. मुस्लिमः जना | |

| | | |
|---|---|---|
| | ३.२. मधेसीः जना | ३.३. जनजातिः जना |
| | ३.४. ब्राह्मण/क्षेत्री : जना | ३.५. अन्यः जना |

**घ.** यस परियोजनाबाट संचालन हुने क्रियाकलापहरू यसै सम्झौता साथ संलग्न अनुगमन कार्ययोजना, बजेट र खर्चका क्रियाकलापहरू बमोजिम हुनेछन्।

**प्रथम पक्षको जिम्मेवारीः**

१. प्रथम पक्षले कार्यक्रम/परियोजना कार्यान्वयन योजना बमोजिम कूल रकम रु..................(अक्षरुपी.....) मध्ये कार्यक्रम कार्यान्वयन गर्न मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमबाट कुल जम्मा रु..................(अक्षरुपी.....) दोस्रो पक्षलाई उपलब्ध गराउने छ।

२. कार्यक्रम कार्यान्वयन गर्न सम्झौता बमोजिमको रकम प्रथम पक्षले सशर्त अनुदान मार्फत् कार्यक्रम खर्चबाट प्रदेश लेखा नियन्त्रक कार्यालय/ प्रदेश लेखा इकाई मार्फत् निकाशा गर्नेछ।

३. प्रथम पक्षले कार्यक्रम/ परियोजना कार्यान्वयन सन्दर्भमा दोस्रो पक्षलाई आवश्यक सहयोग, सल्लाह, सुझाव र कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन तथा मूल्यांकन र पृष्ठपोषण प्रदान गर्नेछ।

४. यो सम्झौता अनुसार परियोजना कार्यान्वयन गर्दा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रथम पक्षमा रहनेछ।

**दोस्रो पक्षको जिम्मेवारीः**

१. कार्यविधिमा उल्लेख भएबमोजिमको स्थानीय तहले व्यहोर्नु पर्ने रकम रु..................(अक्षरुपी.....) दोस्रो पक्षले सुनिश्चित गर्नु पर्नेछ।

२. दोस्रो पक्षले सार्वजनिक खरिद ऐन, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियममा व्यवस्था भएअनुसार खरिद प्रक्रिया पूरा गरी तोकिए बमोजिम लेखाङ्कन गर्नुपर्नेछ ।

३. खर्च गरेको रकम प्रचलित कानून अनुसार लेखापरीक्षण गराउनुपर्नेछ र सोको प्रतिवेदन प्रथम पक्ष लाई पठाउनु पर्नेछ ।

४. सम्झौतामा उल्लेख भएको म्याद भित्र दोस्रो पक्षले परियोजना कार्यान्वयन सम्पन्न गरिसक्नु पर्नेछ।

५. दोस्रो पक्षले कार्यक्रमको तर्जुमा र कार्यान्वयनको सहजीकरणको निमित्त विषय सम्बद्ध एकजना अधिकृतलाई सम्पर्क व्यक्ति तोकी सोको जानकारी प्रथम पक्षलाई दिनुपर्नेछ।

६. दोस्रो पक्षले आफ्नो योजना अनुगमन समितिबाट कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गरी त्रैमासिक रूपमा वित्तीय एवं भौतिक प्रगति तथा समीक्षा प्रतिवेदनहरू सम्पर्क व्यक्ति मार्फत प्रथम पक्षलाई अनिवार्य पठाउनु पर्नेछ।

७. कार्यक्रमको पारदर्शिताका लागि परियोजनास्थलमा परियोजना सूचना पाटी राख्नुपर्नेछ । साथै सार्वजनिक परीक्षण मार्फत आम्दानी खर्चको विवरण सार्वजनिकीकरण गर्नुपर्नेछ।
८. गाउँ/नगरपालिकाको सार्वजनिक सुनुवाईमा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमबाट सञ्चालित कार्यक्रमको विषयलाई समावेश गर्नु पर्नेछ।
९. दोस्रो पक्षले मुख्मन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को परिधिमा रही संलग्न कार्ययोजनामा उल्लेखित क्रियाकलापहरु बाहेक अन्य कुनै क्रियाकलापमा यो कार्यक्रमको रकम खर्च गर्न पाइने छैन ।
१०. दोस्रो पक्षले आर्थिक वर्षको अन्त्यमा खर्च भएको र बाँकी रहेको रकमको प्रमाणित आर्थिक विवरण प्रथम पक्षलाई पेश गर्नुपर्नेछ ।
११. दोस्रो पक्षले परियोजना सम्पन्न भएपछि गाउँ/ नगरपालिकाबाट जाँचपास, फरफारक र परियोजना सम्पन्न प्रतिवेदन तयार गरी प्रथम पक्षलाई पठाउनु पर्नेछ।
१२. परियोजना कार्यान्वयनका लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ मा उल्लिखित शर्त र यसैसाथ संलग्न कार्ययोजनाको पालना गर्नुपर्नेछ।
१३. परियोजनाको कार्यान्वयन अवधि समाप्ति पश्चात संचालन, मर्मत संभार, व्यवस्थापन र दिगोपन सुनिश्चितता सम्बन्धी सबै व्यवस्था दोस्रो पक्षको हुनेछ । सो सम्बन्धमा प्रथम पक्षले आगामी वर्षहरूमा कुनै आर्थिक दायित्व वहन गर्ने छैन ।

यस सम्झौतामा उल्लेख नभएका विषयहरू प्रचलित कानून अनुसार हुनेछ ।

माथि उल्लेख भएबमोजिमका शर्तहरु पालना गर्न हामी दुबै पक्षहरु मन्जुर छौं।

| | |
|---|---|
| **दोस्रो पक्षको तर्फबाट**<br>हस्ताक्षरः..................<br>नाम :<br>पद :<br>मिति :<br>सम्पर्क नम्बरः<br>कार्यालयको छापः | **प्रथम पक्षको तर्फबाट**<br>हस्ताक्षरः..................<br>नाम :<br>पदः<br>मितिः<br>सम्पर्क नम्बरः<br>कार्यालयको छापः |
| **रोहवर** | **रोहवर** |
| **दोस्रो पक्षको तर्फबाट**<br>हस्ताक्षरः ..................<br>नाम :<br>पद :<br>मिति<br>सम्पर्क नम्बरः | **प्रथम पक्षको तर्फबाट**<br>हस्ताक्षरः ..................<br>नाम :<br>पद :<br>मितिः<br>सम्पर्क नम्बरः |

## अनुसूची- ८

(दफा २१ को उपदफा (२) सँग सम्बन्धित)

**<u>मासिक/त्रैमासिक/अन्तिम प्रगति प्रतिवेदनको सामान्य ढाँचा</u>**

(१) परियोजनाको शीर्षकः

(२) कार्यकारी सारांशः

(३) पृष्ठभूमिः

(४) उद्देश्यः

(५) परियोजनाको प्रतिफलः

(६) परियोजनाको उपलब्धि तथा सकारात्मक परिवर्तनहरूः (बुदाँगत रुपमा उल्लेख गर्ने)

(७) परियोजना कार्यान्वयनको ढाँचाः

(८) परियोजनाको क्रियाकलाप वा गतिविधिहरू कार्यान्वयनको प्रगतिः ((को/कसको लागि, के, कहाँ, कहिले, कति, कसरी जस्ता प्रश्नहरूको उत्तर आउने गरी), तथ्याङ्क, फोटो तथा सफल घटना विवरण उल्लेख भएको)

— क्रियाकलाप १

— क्रियाकलाप २

— क्रियाकलाप ......

(९) प्रमुख चुनौती तथा समस्याहरूः (बुदाँगत रूपमा उल्लेख गर्ने)

(१०) महत्त्वपूर्ण सिकाइः (बुदाँगत रूपमा उल्लेख गर्ने)

(११) नवीनतम् असल अभ्यासहरूः

(१२) समन्वय तथा सहकार्य र दिगोपनाका लागि चालिएका कदमहरूः (बुदाँगत रूपमा उल्लेख गर्ने)

(१३) निष्कर्षः

(१४) सिफारिसः

(१५) अनुसूचीहरूः

आधिकारिक हस्ताक्षर.................................... मिति..............................

संस्थागत छाप

आज्ञाले,

यमुना प्रधान

प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.५०।-